बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत ०७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 21 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २००

माईराम पोखरी अतिक्रमणविरुद्ध महानगरको अभियान जारी

नक्शापास नगरी बनेका तीनवटा संरचनामा डोजर चल्यो

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगरपालिका कार्यालयले माईराम पोखरी (चिल्ड्रेन पार्क) अतिक्रमणविरुद्धको अभियानलाई निरन्तरता दिएको छ।

फागुन १६ गतेदेखि शुरू भएको यो अभियान स्थानीय अतिक्रमणकारीहरूको आग्रहमा पटक–पटक रोकिँदै आएको थियो । महानगरले फागुन १६ गतेदेखि शुरू गरेको अभियान अन्तर्गत दुई दिनसम्म डोजर चलाएर माईराम पोखरीको अतिक्रमण खाली गराउने कार्य शुरू गरेको थियो।

त्यसपछि स्थानीयले आफैं खाली गराउने भनेर सात दिन, त्यसपछि तीन दिनको समय लिएका थिए तर खाली गर्नेतर्फ अग्रसरता नदेखाएपछि महानगरले पुनः डोजर चलाएको हो । अहिलेसम्म अतिक्रमण हटाउन महानगरले आजसमेत चारपटक सो स्थानमा डोजर चलाइसकेको छ।

आज पोखरीको पश्चिमतर्फका तीनवटा भवन डोजर चलाएर भत्काइएको छ । सार्वजनिक जग्गा अतिक्रमणविरुद्धको समितिका संयोजक प्रदीप चौरसिया, वडाध्यक्ष तथा सदस्य जगतसाह कानूलगायत नगरपालिकाका सरसफाइ प्रमुख राजकृष्ण ताम्राकार, नगरप्रमुखका प्रेस सल्लाहकार महेश दास, नगरप्रहरी र सुरक्षाकर्मीहरूको टोलीले अतिक्रमण हटाउने कार्य गरेका हुन् । माईराम पोखरी २०२१ सालको नापनक्शामा चार बिघा जग्गामा थियो। पोखरीका डिलहरूमा तीन धुरदेखि एक कट्ठासम्म जग्गा खरीद गरेका निस्साधारीहरू ५७ जनाले २०४९ सालको नयाँ नापीमा पोखरीको जग्गा आफ्नो नाममा अहिले हालसाबिक गर्दै भोग गरी आएका छन् ।

नगरपञ्चायतदेखि अहिले महानगरपालिका हुन्जेलसम्म मौखिक, लिखितरूपमा अतिक्रमण खाली गराउन भनिए पनि अटेर गर्दै आएका थिए । उपमहानगरपालिका रहँदा तत्कालीन कार्यकारी अधिकृत विष्णु कोइरालाले अतिक्रमणविरुद्ध अभियान सञ्चालन गरेर बनेका संरचना भत्काउने कार्य गरेका थिए। त्यसपछि महानगर घोषित हुँदा एडिबीको सहयोगमा वीरगंजमा मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना सञ्चालन हुँदा चार बिघाको माईराम पोखरीमध्ये केवल १९ कट्ठामा चिल्ड्रेन पार्क बनेको थियो ।

त्यसपछि पार्कको वरिपरि रहेका जग्गाधनीहरूले पुनः नयाँ संरचनाहरू बनाएका थिए । महानगरपालिकाले अतिक्रमणविरुद्धको अभियान सञ्चालन गर्दा जग्गाधनीहरूले अदालतबाट निषेधाज्ञा, अन्तरिम आदेश जारी गराउँदै आएकाले अभियानले निरन्तरता पाउन सकेको थिएन ।

अहिले पनि एकपछि अर्को व्यक्तिले महानगरसँग आफैं तोड्ने भनेर समय माग गरे पनि अदालतबाट आदेश ल्याउने भित्री तयारी स्वरूप नै हो। तर यसपटक महानगरले जग्गाको निस्साका आधारमा नभएर घर, पर्खाललगायतका संरचना निर्माण गर्नुपूर्व नक्शापास गरिएको हुनुपर्ने आधार टेकेर डोजर प्रयोग गरी अतिक्रमण हटाउने कार्य गरेकोले अदालतबाट सोविरुद्ध आदेश जारी नभएको स्रोतले जनाएको छ ।

तस्वीरः प्रतीक

सुक्खा बन्दरगाहको मूलगेटमा चक्काजाम

प्रस, परवानीपुर, ६ चैत/

वीरगंज–२५ श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयमा नेपाल सरकारले मुआवजा नदिएको भन्दै श्रीसियावासीले सोमवार चक्काजाम गरी प्रदर्शन गरेका छन्।

विगत सात वर्षको अवधिमा मुआवजा दिने काम हालसम्म पूरा नभएको भन्दै नेपाल सरकार तथा सरोकारवाला निकायलाई दबाब दिनको लागि धर्ना तथा चक्काजाम गर्न बाध्य भएको बताइएको छ।

सोमवार दिउँसो १ बजेदेखि २ बजेसम्म श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयको मूलगेटमा सयौं वडावासीले चक्काजाम गरी धर्ना दिएका थिए।

नेपाल सरकारले २०७३ सालदेखि बन्दरगाह भन्सार कार्यालय र वीरगंज–१७ अलौंस्थित वीरगंज भन्सार मातहतको आइसिपी भन्सारबीचको ६२ बिघा जग्गा अधिग्रहण गर्नको लागि भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा पत्र पठाएर जग्गा रोक्का गराएको थियो। स्थानीयको जग्गा रोक्का गरेको पाँच वर्षपछि गत वर्ष २०७८ देखि मुआवजा दिन शुरू गरेको थियो।

हालसम्म रु तीन अर्ब मुआवजा सरकारले बाँडिसकेको छ तर पनि दुई अर्ब ८० करोड मुआवजा दिन बाँकी रहेको छ। खल्वाटोला श्रीसिया गाउँको सरेहको जग्गाको पनि अहिले मुआवजा दिने काम पूरा भएको छैन । गाउँ र घडेरीको जग्गाको नापजोख र यकीन गर्न अहिले बाँकी छ।

एकातिर मुआवजा पनि नपाउने अर्कोतिर जग्गा पनि रोक्का राखिनाले गाउँलेहरू आजित भएको स्थानीय प्रमेश पटेल बताउँछन् । "हामी हेर्दा पर्खिंदा रोडमा आइसकेका छौं, चाँडै पैसा पाए, अन्तै जग्गा किनेर घर बनाएर स्थानान्तरण हुन्थ्यौं तर सरकार कानमा तेल हालेर सुतेको छ," उनले भने, "भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय, अर्थ मन्त्रालयसम्म डेलिगेशन गयौं, सरकारले नसुनेकोले बाध्य भएर हडतालमा उत्रेका हौं ।" सोही गाउँकी स्थानीय महिला नेत्रीले करीब नौ महीनादेखि हालसम्म एक सुको पनि सरकारले नपठाएको बताइन्।

"सरकारले हामीलाई सडकमा ल्याइसक्यो, छोराछोरीको विवाहसमेत गर्न सकेका छैनौं, जग्गा रोक्का गर्दा बिक्री तथा अन्य प्रयोजनको लागि उपयोग पनि गर्न पाएका छैनौं, सरकारले सुविधा दिने ठाउँमा बिलबाँठ बनाएको छ," उनले भनिन्। उनले यथाशीघ्र मुआवजा पठाउन सरकारसित माग गरिन्। एक घण्टाको चक्काजामपछि बन्दरगाह भन्सार प्रमुख जयबहादुर भण्डारीले धर्नाकारी स्थानीयसँग वार्ता गरी गेट खुलाएका थिए । उनले नयाँ सरकारमा नयाँ अर्थमन्त्री आएपछि मुआवजा माग गरेर समस्याको हलको लागि पहल गर्ने आश्वासन दिएका छन्।

आफ्नो माग राख्दै धर्ना बसेका महिलाहरू । तस्वीरः प्रतीक

पराजित भएपछि नेविसङ्घद्वारा नर्सिङ क्याम्पसमा तालाबन्दी

नितेश कर्ण, वीरगंज, ६ चैत/

चिकित्साशास्त्र अध्ययन संस्थान वीरगंज नर्सिङ क्याम्पसमा सम्पन्न स्ववियु निर्वाचनमा पराजित भएको नेविसङ्घ समूहले क्याम्पसप्रमुखको कक्षमा तालाबन्दी गरेको छ।

चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनको मतपरिणाम राति साढे नौ बजे सार्वजनिक भएपछि नेविसङ्घले राति ११ बजे तालाबन्दी गरेको स्ववियुको सबै प्यानलमा जितेको अनेरास्ववियुकी एकाइ अध्यक्ष मालती बस्नेतले विज्ञप्ति जारी गरी जानकारी गराएकी छन् । नेविसङ्घ एकाइ समितिले भने विज्ञप्ति जारी गरी क्याम्पसप्रमुखले मौन अवधिमा अखिलको पक्षमा मत मागेको र होस्टेलमा रहेका विद्यार्थीहरूलाई धम्क्याएको आरोप लगाएको छ।

हिजो राति सम्पन्न मतगणनामा प्रत्यक्ष र समानुपातिक दुवैमा अखिलले ९० ल्याएर नेविसङ्घभन्दा २७ मतान्तरले जितेको थियो । नेविसङ्घले ६३ मत पाएर पराजित भएपछि मतपरिणाम सार्वजनिक भएको डेढ घण्टापछि क्याम्पस प्रमुखको कक्षमा तालाबन्दी गरेको थियो।

यस क्याम्पसमा यसअघिको चुनावमा मात्र नेविसङ्घ प्यानलले जितेको थियो भने त्यसअघि स्थापनाकालदेखि अखिलले स्ववियुको चुनाव जित्दै आएको थियो। निर्वाचन अधिकृत रोमिना श्रेष्ठले नेविसङ्घले क्याम्पसप्रमुखले आचारसंहिताविपरीत कार्य गरेको आरोपसहित पत्र बुझाएको र सोबारेमा छलफल हुने बताइन्। उनले निर्वाचनका सबै प्रक्रिया पूरा भएर निर्वाचन परिणाम सार्वजनिक भएपछि नेविसङ्घको तर्फबाट यस प्रकारको आरोप लागेको र तालाबन्दी गरेको बताइन्।

प्रत्यक्ष र समानुपातिक दुवैमा अखिलको जीत भएको घोषणापछि यस प्रकारको आरोप लगाइए पनि निर्वाचन समितिको बैठकमा छलफलको विषय हुने उनले बताइन्।

तालाबन्दी गरेपछि क्याम्पस परिसरको सोमवार दिउँसोको दृश्य। तस्वीरः प्रतीक

पर्साको थरुहट क्षेत्रमा चैते धान रोपनी शुरू

तस्वीरः प्रतीक

ओमप्रकाश चौधरी, सेढवा, ६ चैत/

पर्सा जिल्लाको उत्तरी ग्रामीण क्षेत्र थरुहटमा चैते धान (हर्दिनाथ धान)को रोपाइँ शुरू भएको छ।

ठोरी, जीराभवानी, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकाको उत्तरी भेगमा चैते धानको रोपाइँ शुरू भएको हो । गत फागुन महीनाको दोस्रो सातामा चैते धानको लागि ब्याडमा बीउ तैयार गरिएको र अहिले रोपाइँ शुरू गरिएको स्थानीय किसानहरूले बताए।

चैते धान रोपिएको ९०औं दिनमा भित्र्याउन सकिने किसानहरूले बताए।

(बाँकी अन्तिम पातामा)

विचारसार र सुक्तिहरू

शब्द सित्तैमा पाइन्छ, तर त्यसको उपयोगमा भर पर्छ कि त्यसको मूल्य पाइन्छ वा मूल्य चुकाउनुपर्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

चुलिंदो जलसङ्कट

मानव तथा प्राणी जीवनको लागि नभई नहुने प्राकृतिक स्रोत हो, जल अर्थात् पानी। नेपाललाई जलसम्पदामा संसारमैं दोस्रो धनी देशको रूपमा मानिन्छ । पानीको मुख्य स्रोत नदीनाला, ताल, कुण्ड, तलाउ, पानीका मुहान र वर्षा हुन् । हाम्रो मुलुकमा हिमालदेखि बग्ने ६०० भन्दा बढी नदीनाला छन् । हिमाली क्षेत्र र त्यसदेखि दक्षिणका पहाडी क्षेत्रमा उद्‌गमस्थल भएका ठूला–साना झन्डै छ हजार नदीनाला रहेको जलस्रोत विज्ञहरूको ठम्याइ छ। तर पनि यहाँ पानीको सङ्कट दिनानुदिन चुलिंदै गएको छ । विगतमा प्रयोग हुँदै आएका मूलहरू हाल सुक्ने क्रममा छन् । पानीको मुहान सुकेपछि अर्को विकल्प नहुँदा बस्ती नै बसाइँ हिंडेका र गाउँ रित्तिएका कथाहरू धेरै छन्। यो समस्या बर्सेनि बढ्दो छ। पहाड र हिमाली क्षेत्रका परम्परागत कुल मुहानमध्ये तीन चौथाइ सुकिसकेका छन्। बस्ती विस्थापित नभएका स्थानहरूमा परम्परागत मूल सुक्दा पिउने पानीका लागि बोरिङ, डीप ड्रिलिङजस्ता महँगो विकल्प रोज्नुपर्ने बाध्यता आयो । चुरे क्षेत्रमा पनि मुहान सुक्ने समस्या धेरै देखिन्छ । चुरे क्षेत्रमा मूल सुक्ने समस्या ७९ प्रतिशत छ। मुलुकका कतिपय स्थानमा एकाबिहानै पैदल दूरीबाट पानी बोक्नुपर्ने बाध्यता छ। यसैगरी, शहरी क्षेत्रका डीप बोरिङ, तराई–मधेस क्षेत्रका चापाकल, इनारलगायत पिउने पानीका स्रोत सुक्ने क्रम चुलिंदो छ ।

पानीको स्रोत अभावमा मुलुकको ठूलो क्षेत्र मानवबस्तीविहीन हुने एकातर्फ छँदैछ भने अर्कोतर्फ पानीको वैकल्पिक स्रोत व्यवस्थापन गर्न बर्सेनि राज्यको ढुकुटी रित्तिरहेको छ । यसरी ढुकुटी रित्याइँदा पनि मेलम्चीलगायत राष्ट्रिय गौरवका खानेपानी आयोजनाहरूको अवस्था निराशाजनक देखियो । त्यसैगरी, पानी लिन टाढाको मुहानमा जानुपर्दा वा एउटै मुहानमा घण्टौं पालो कुर्नुपर्दा बालबालिकाहरू पढाइबाट वञ्चित हुने, पानीमा अधिकतम समय र श्रम खर्चिनुपर्ने अवस्था छ । पर्याप्त पानीको स्रोत नहुँदा आगलागी तथा डढेलोबाट अधिकतम क्षति बेहोर्न बाध्य हुनुपरिरहेको छ । अतः पानीका स्रोत सुक्दै, मासिंदै जाँदा समग्र पारिस्थितिकीय प्रणाली तथा जैविक विविधता नै प्रभावित हुन्छ ।

पानीको स्रोत सङ्कटमा पर्दै जानुका विविध कारणहरू छन्। सडक र भवनलगायतका भौतिक संरचनाहरू जथाभावी निर्माण, डोजर–एक्साभेटरलगायतका मेशिन उपकरणको प्रयोग, विस्फोटक पदार्थको प्रयोग, वनविनाश, भूकम्प, जलवायु परिवर्तन र बाढीपहिरो मुख्यरूपमा रहेका छन् । यसरी निम्तिएको जलसङ्कटबाट जोगिनका लागि वन जोगाउनुका साथै जथाभावी भौतिक संरचना निर्माण एवं विकास निर्माणको नाममा हुने मेशिन उपकरण तथा विस्फोटक पदार्थको प्रयोग न्यूनीकरणमा सम्बद्ध र सम्बन्धित सबै पक्ष संवेदनशील हुनुपर्छ। आइपरेका समस्या समाधानका लागि भूमिगत पानी रिचार्ज र पुनर्भरणलाई जोड दिइनुपर्छ। विश्व पानी दिवसको उपलक्ष्यमा हाम्रो मुलुकलगायत विभिन्न मुलुकमा भइरहेका विचार गोष्ठीहरूमा पनि विज्ञहरूले वर्षात्को पानी सञ्चय गरी पुनर्भरणलाई कम लागतमा सहज तरीकाले सम्भव हुने उपायको रूपमा सुझाइरहेका छन्। प्रकृतिले सित्तैमा दिएको वर्षाको पानी सङ्कलन गर्ने हो भने हामीले समय, शक्ति र जनशक्तिको पनि बचत गर्न सक्छौं र त्यसलाई थप उत्पादनमूलक काममा लगाउन सक्छौं। यसले भूमिगत पानी पुनर्भरण, शहरबजारको सौन्दर्यीकरण, स्वच्छ वातावरणको निर्माण गर्न पनि सघाउनेछ ।

मेनरोड, माईराम पोखरी र मेयर

जुन ठाउँलाई अहिले भगवती टोल भनिन्छ, त्यसलाई पहिले माईराम टोल भनिन्थ्यो । नजाने कुन कारणले हो माईराम टोल त्यतिखेर पनि चर्चामा थियो र अहिले पनि छ । माईराम टोलमा रहेको पोखरी जहाँ अहिले चिल्ड्रेन पार्क छ, त्यसको क्षेत्रफल वास्तवमा चार बिघाभन्दा बढी हो र यो ऐलानी जग्गा हो । अहिले चिल्ड्रेन पार्क १९ कट्ठामा सीमित भएको छ र यो महानगरको स्वामित्वमा ल्याउने श्रेय तत्कालीन हाकिम विष्णु कोइरालालाई जान्छ । २०२१ सालको नापीसम्म सार्वजनिक रहेको यो पोखरी क्षेत्र २०४९ सालको नयाँ नापीपछि सँधियारहरूले मिच्दै, माँस्दै गएको देखिन्छ । डा बिके प्रसादबाहेक अन्यको घडेरी तीन धुरदेखि सात धुसम्म हो र बिके प्रसादको पनि एक कट्ठा मात्र हो । अहिले तीन र सात धुरका मालिकहरू कट्ठौंकट्ठाका मालिक बनेका छन् । भनिन्छ, अलखियामठका महन्थ गिरी भन्ने व्यक्तिसँग रु ९९ प्रतिधुरका दरले रकम दिएर त्यतिखेर त्यहाँ ससाना टुक्रा जग्गा किनेर सुकुमबासी खालका मानिसहरू त्यहाँ बसेका थिए । अहिले त्यहाँ सुकुमबासीहरूको हालीमुहाली देखिन्छ। हैसियत अनुसार सँधियारहरूले माईराम पोखरीको डिल मिचेर आफ्नो जग्गा विस्तार गर्न थाले । पञ्चायतकालदेखि नै नगरपञ्चायतको पालादेखि नै यहाँ विवाद चर्कने र मत्थर हुने गरेको इतिहास छ। नगरपञ्चायतका तत्कालीन प्रधानपञ्च विमल श्रीवास्तवले समेत कब्जा जग्गा फिर्ता गराउने फलस्वरूप कहिले हथौडा चल्ने, कहिले तोडफोड हुने अनि टाँयटाँय फिस्स हुने गरेको थियो । विमल श्रीवास्तवको पालामा पुर्जी काट्ने, हथौडा चलाउने, थर्काउने अनि मिलापत्र हुने गरेको समेत देखिन्छ। त्यसो त श्रीवास्तवको अथक प्रयासले नै पुरानो बसपार्कको जग्गा केडियो अर्गनाइजेशनसँग खोसेको पनि इतिहास छ । त्यस बखत शायद लक्ष्मणलाल कर्ण नगरपञ्चायतका कानूनी सल्लाहकार थिए ।

अचेल त माईराम पोखरीको त्यो ऐलानी जग्गा मालपानी तान्ने गुल्लरको फूलको नामले कुख्यात छ । गुल्लरको फूलको कमाल किंवदन्ती बनिसके पनि माईराम पोखरीको जग्गाले पुनः गुल्लरको फूलको महत्त्व देखाएको छ ।

नयाँ जोगीले बढी खरानी घस्छ भनेझैं अथवा नयकी घोडीको चालझैं मेयर राजेशमान सिंहसमेतले फागुन २ गतेदेखि त्यहाँ हात हाले, तोडफोड गरे र अहिले पस्त देखिन्छन् । ठीक छ, त्यहाँ श्रीराम हस्पिटल छ, तर हस्पिटलबाहेक अन्य कब्जाईहरूलाई खाली गराउन किन कतराइरहेको होला ? जसको जोत उसको पोतको जमाना होइन अहिले । कसले कति मिच्यो भन्नेबारे मेयर वाकिफ छन्, अनि किन लाटोले केरा हेरेझैं लाटो बुङ्गो बनेका छन् । पूर्व प्रदेशसभा सदस्यले हस्पिटल हो भन्दै मोहलत माग्नु जायज हो तर अन्यलाई मोलाहिजा किन ? के त्यहाँ फेरि हथौडा र बुल्डोजर देखाएर भित्रभित्रै मोलमोलाइ हुँदैछ भन्ने शङ्का–उपशङ्का हुनु स्वाभाविकै हो । भनिन्छ, मेयर'साप त माईराम पोखरीलाई कब्जा मुक्त गर्ने मात्र होइन, मेनरोड फराकिलो पार्ने पक्षमा पनि देखिन्छन् । ठाउँकुठाँउ यस्तो भाषण पनि ठोकेका छन् तर मियाँ के दौड मस्जिद तक भनेझैं यिनको खाने र देखाउने दाँत अर्कै देखिन्छ ।

किनकि बिर्ता मेनरोडमा मालपोत कार्यालयको पूर्वपट्टि रहेको महानगर स्वामित्वको खाली जग्गामा मेयर'सापले ल्याब बनाउँदैछन् र त्यो ल्याब सडक विभागले कायम गरेको २५ मिटरभित्र बन्दैछ, नपत्याउनेले त्यहाँ गएर ल्याब निर्माणाधीन स्थल गएर अवलोकन गरे हुन्छ । मेनरोड फराकिलो गर्ने भाषण ठोक्ने अनि अटेर गरेर सरकारी ल्याब निर्माण गर्न मिल्छ । के मेयरले नियम कानून मान्नुपर्दैन । राजेशमानको देखासिकी गर्दै वडा नं १ का अध्यक्ष मनोज कुर्मीले पनि २५ मिटर लत्याउँदै करीब १० मिटर मात्र अगाडि छोडेर एएमसीनिर महल बनाउँदैछन् ।

भन्नेहरू त भन्छन् मेनरोड, माईराम पोखरी, मीनाबजार कम्प्लेक्स, मेयर र मेनरोड घण्टाघरको तरकारी बजारको कहानी उस्तैउस्तै हो । हाम्रो चाहना त माईराम पोखरी र मेनरोड माँगी खाने भाँडो नबनोस् र जो अगुवा उही बाटो हगुवामा परिणत न हुन् । त्यसो त अचेल शहरमा नगरप्रहरीको समेत चर्चा छ । नगरभित्र जनपद प्रहरीभन्दा हरियो वस्त्रधारी नगरप्रहरी निकै सङ्ख्यामा उछलकूद गरिगरेको देख्दा मलाई 'जय हो जजमान की' भन्न मन लागेको छ । अदालतले मेनरोडको सडक फराकिलो गर्नेबारेको बहस यही जेठ ३१ गते तोकेको कुरा मेयर'सापलाई पनि अवगत छ, अनि अदालतले मेनरोड विस्तार गर्ने निर्णय गरेको खण्डमा मालपोतअगाडिको ल्याबलाई फेरि तोडफोड गर्ने, नगरपालिकामा अचेल सेवाग्राहीभन्दा कर्मचारी सङ्ख्या बढी देखिन्छ भन्ने पनि हल्लाखल्ला छ । अब भन्नुस् हाम्रो रगतपसिनाको कमाइ राजस्वको नाममा कागती निचोरेझैं निचोरेर लिने, जथाभावी निर्माण गर्ने अनि भाँच्ने, माईराम पोखरीको पर्खाल भाँच्ने अनि फेरि निर्माण गर्ने, परिणाम हात लाग्यो शून्यमा झार्ने, अपच किसिमले कर्मचारी भर्ना गर्ने अनि सङ्घ र प्रदेश सरकारले बजेट दिएन भनेर रुने काम तत्काल बन्द गर्नुपर्छ। भन्नेहरू त भन्छन् अहिले स्थानीय सरकारको नीति नै 'आए बापका, गए आपका' जस्तै छ रे ।

एकबार फिरसे बोलो, 'जय बोलो जजमानकी जय बोलो ।' माईराम पोखरीको जग्गामा पनि किंवदन्ती झल्किन्छ। न बेचेको देखिन्छ, न किनेको देखिन्छ तर जग्गा बढेको बढ्यै देखिन्छ।

वर्तमान मेयरले, 'हमाममे सब नङ्गे हैं' भन्ने उखान चरितार्थ नगरून्। वर्तमान मेयर सिंहले निवर्तमान मेयर सरावगीलाई भ्रष्टाचारको फाइल खोलेर जेल हाल्छु भन्थे तर अग्रगासे मच्छीका भनेझैं कुर्सीमा बस्नासाथ मेयर सिंहलाई अख्तियारले पत्र काटेर सोधपूछ गरेको जगजाहेर छ । अख्तियारको पत्रबारे त्यतिखेर आफ्ना भन्ने सबैलाई बहादुरीका साथ सुनाउँथे। तर माईराम पोखरी, मीनाबजार, मेनरोड, मालपोतअगाडिको महानगरको जग्गा, मेयरको नगरप्रहरी, मेनरोड घण्टाघरको बजारको कहानी र मेयरलाई हामी कसरी बिर्सन सक्छौं होला । नेपाली फिल्म निर्देशक दीपेन्द्र खनालले 'भष्मे डन' भन्ने नेपाली फिल्मको निर्माण गर्दैछन्। मेयरस्तरका जनप्रतिनिधिलाई 'भष्मे डन' हेर्न मेरो सुझाव छ। रु चार लाख खर्चेर सौराहामा पत्रकारहरूको बैठक राख्ने मेयरले महानगर बोर्ड बैठक करोडौं खर्चेर सिङ्गापुर र थाइल्यान्डमा राख्ने चर्चा बजारमा छताछुल्ल छ ।

मन्तव्य

कुमार रुपाखेती

वर्तमान मेयरले, 'हमाममे सब नङ्गे हैं' भन्ने उखान चरितार्थ नगरून् । वर्तमान मेयर सिंहले निवर्तमान मेयर सरावगीलाई भ्रष्टाचारको फाइल खोलेर जेल हाल्छु भन्थे तर अग्रगासे मच्छीका भनेझैं कुर्सीमा बस्नासाथ मेयर सिंहलाई अख्तियारले पत्र काटेर सोधपूछ गरेको जगजाहेर छ ।

सामुदायिक विद्यालयमा वार्षिक परीक्षा शुरू

प्रस, सेढवा, ६ चैत/

पर्साका अधिकांश पालिकामा शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षा शुरू भएको छ ।

जीराभवानी, पटेर्वासुगौली, छिपहरमाई, पकाहामैनपुर, कालिकामाई गाउँपालिका तथा पर्सागढी नगरपालिकामा आइतवारदेखि यस शैक्षिक सत्रको वार्षिक परीक्षा शुरू भएको छ। यी पालिकाका सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि कक्षा ९ सम्मको वार्षिक परीक्षा सञ्चालन भइरहेका छन्। यी विद्यालयहरूमा कक्षा ८ को आधारभूत परीक्षा हिजो आइतवारदेखि नै सञ्चालन भएका छन्। धोबिनी गापामा कक्षा ८ को आधारभूत परीक्षा लङ्गडी माविमा एकमात्र परीक्षा केन्द्र तोकी सञ्चालन भइरहे पनि कक्षा १ देखि कक्षा ७ र कक्षा ९ को वार्षिक परीक्षा हुन सकेको छैन । वार्षिक परीक्षाका लागि अहिलेसम्म यो पालिकाले कार्यतालिका सार्वजनिक गर्न सकेको छैन।

ठोरी गापाका सामुदायिक विद्यालयहरूमा भने कक्षा ८ को आधारभूत परीक्षा भोलि चैत ७ गते मङ्गलवारदेखि सञ्चालन हुन गइरहेको छ। बाँकी कक्षाका साथै कक्षा ११ र १२ को दोस्रो त्रैमासिक परीक्षा ८ गते बुधवारदेखि सञ्चालन हुने गापा कार्यालयले जनाएको छ।

सखुवाप्रसौनी गापामा भने कक्षा ८ को आधारभूत परीक्षासहित वार्षिक परीक्षा चैत ८ गतेदेखि सञ्चालन हुने गापा कार्यालयले जनाएको छ ।

तस्वीरः प्रतीक

जीतपुरका दुई स्थानमा अष्टयाम, हनुमान आराधना

प्रस, जीतपुर, ६ चैत/

जीतपुरसिमरा उपमहानगरपालिका–७ ब्रह्मस्थानमा सोमवारदेखि २४ घण्टे अष्टयाम शुरू भएको छ।

स्थानीय रामदेव राउत र रामबाबू राउतले स्वर्गीय आमा, बुबाको इच्छानुसार पैतृक सम्पत्ति बिक्री गरेर अष्टयाम लगाएका हुन् । आमाबुबाले आफ्नो मृत्युपश्चात् आफ्नो सम्पत्तिबाट अष्टयाम लगाउन इच्छा जाहेर गरेको र पैतृक सम्पत्ति रु ७५ लाखमा बिक्री गरेर रु तीन लाख खर्च गरेर अष्टयाम लगाएको राउत दाइभाइले बताए । आजदेखि शुरू भएको अष्टयाम भोलि समापन हुने र सहभागीलगायत टोलवासीका लागि प्रसादको भण्डारा चलाउने उनीहरूले बताए ।

यसैगरी, भोलि मङ्गलवारदेखि वीरगंज–जीतपुर गौशालाको खाली जग्गामा शान्ति युवा विकास मञ्च र शान्तिटोलवासीको आयोजनामा २४ घण्टे अष्टयामसहित हनुमान आराधना लगाउने मञ्चका अध्यक्ष आत्माराम अधिकारीले बताए । उनले टोलवासीसँग चन्दा, सहयोग लिएर एघार लाख खर्च गरेर भण्डारासहितको अष्टयाम आयोजना हुने बताए ।

अष्टयामका लागि आज सोमवार कलश शोभायात्रा निकालिएको उनले बताए । कलश शोभायात्रामा टोलका महिला, युवती, बालिकाहरूको सहभागिता थियो ।

तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय आकर्षणको केन्द्र

–राजु विश्वकर्मा

वीरगंज, ६ चैत/रासस

पछिल्लो समय पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ। नेपालमा पाइने रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको सो निकुञ्ज पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ।

पर्सा राष्ट्रिय निकुञ्ज
PARSA NATIONAL PARK

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई २०७४ सालमा नेपालको १२औं निकुञ्जका रूपमा घोषणा गरेको थियो। पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ।

प्राकृतिक सुन्दरतासँगै जैविक विविधताको धनी मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउनेक्रम बढेको निकुञ्ज प्रशासनले जनाएको छ। "विगतको भन्दा अहिले निकुञ्जमा आन्तरिक तथा छिमेकी मुलुक भारतका पर्यटक बढेका छन्," निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले भने, "बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन्।"

उनका अनुसार चालू आर्थिक वर्ष २०७९/८० को आठ महीनाको अवधिमा १४० पर्यटकले निकुञ्जमा भ्रमण गरेका थिए। निकुञ्ज प्रवेश गर्ने तीन मार्गमध्ये मुख्यद्वार आधाभारबाट ५५ नेपाली र १२ बाह्य गरी ७७ पर्यटक भित्रिएको सूचना अधिकारी खड्काले जानकारी दिए। यस्तै, गढुवालाइन प्रवेशद्वारबाट १० नेपाली र प्रतापपुरबाट ४२ नेपाली तथा आठ बाह्य गरी ६० पर्यटक निकुञ्ज घुम्न आएको निकुञ्ज प्रशासनले जनाएको छ।

गत आव २०७८/७९ मा नेपाली र विदेशी गरी ७७७ पर्यटकले निकुञ्जमा अवलोकन भ्रमण गरेका थिए। सूचना अधिकारी खड्काका अनुसार आव २०७८/७९ मा ७६९ नेपाली र आठजना विदेशी पर्यटक निकुञ्ज भित्रिएका थिए।

तस्वीरः प्रतीक

सो आवमा वनक्षेत्र, प्रशासनिक, दण्ड जरिवाना, पर्यटकलगायतका शीर्षकबाट रु ८८ लाख ४६ हजार ६७९ राजस्व सङ्कलन भएको जनाएको छ। निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिर जस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहलगायत प्राकृतिक तथा मनोरम दह पर्यटकका प्रमुख आकर्षणका केन्द्र बनेका छन्। यसका साथै निकुञ्जभित्रको दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको बाक्लो उपस्थितिले पर्यटकलाई लोभ्याइ रहन्छ।

निकुञ्जमा दुर्लभ वन्यजन्तु पाटे बाघ, रैथाने हात्ती, एकसिङ्गे गैंडा, भालु, रतुवा मृग, चित्तल, जरायो, बँदेल, नीलगाई, गौरीगाईलगायतका जनावर छन्। विगतमा पानीको मुख्य समस्या देखिएको निकुञ्जभित्र सहज उपलब्धतासँगै पाटे बाघसहितका वन्यजन्तुको सङ्ख्यासमेत वृद्धि भएको छ। निकुञ्जले हालै गरेको सन् २०२२ को बाघ गणना अनुसार निकुञ्जमा पाटे बाघको सङ्ख्या ४१ पुगेको छ।

अहिले निकुञ्जभित्र १६३ गौरीगाई, ४० देखि ५० हात्ती र आठदेखि १० को सङ्ख्यामा एकसिङ्गे गैंडा रहे पनि तथ्याङ्कमा तीनवटा गैंडा मात्रै उल्लेख भएको निकुञ्जका प्रमुख अशोककुमार रामले जानकारी दिए। निकुञ्जले निर्माण गरेको कृत्रिम पोखरीमा पानीको सहज उपलब्धताका कारण पछिल्लो समय वन्यजन्तुको सङ्ख्या बढेको प्रमुख रामले बताए।

कुल ६२७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटे बाघ, भालु, गैंडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई, गौरीगाई जस्ता ३७ प्रजातिका स्तनधारी जनावर, ४९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीको बासस्थान छ।

निकुञ्ज घुम्न आउने पर्यटकलाई अवलोकन र घुमफिरका लागि निकुञ्जको जङ्गलभित्र एक दर्जन दृश्यावलोकन स्तम्भसमेत बनाइएका छन्। यसैगरी, पर्यटकलाई जङ्गल सफारी गर्न निकुञ्जको हात्तीसारमा एक दर्जन हात्ती राखिएका छन्। हात्तीमा जङ्गल सफारी गर्न नचाहने पर्यटकले आफ्नो निजी सवारीसाधनमा जङ्गल सफारी गर्न सक्ने व्यवस्थासमेत मिलाइएको प्रमुख रामको भनाइ छ।

निकुञ्जभित्र आउने विदेशी पर्यटकका लागि प्रवेश शुल्क प्रतिव्यक्ति रु एक हजार र हात्ती चढेको रु ६५० तोकिएको छ भने नेपाली पर्यटकका लागि प्रतिव्यक्ति प्रवेश शुल्क रु ५० र हात्ती चढेमा रु ६५० तोकिएको छ। निकुञ्जलाई मधेस प्रदेशकै पर्यटकीय गन्तव्य बनाउन निकुञ्ज कार्यालयले पर्यटकका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माणसँगै निकुञ्जको प्रचारप्रसारलाई समेत प्राथमिकतामा राखेको जनाएको छ।

निकुञ्जको भ्रमणमा आउने पाहुनाको स्वागतका लागि मध्यवर्ती क्षेत्रमा सुनाखरी मध्यवर्ती सामुदायिक होमस्टेसमेत सञ्चालन गरिएको छ। त्यसले यहाँ आउने पाहुनालाई मीठो आतिथ्यतासँगै स्वादिलो भोजन र गीतसङ्गीतले मनोरञ्जन प्रदान गर्ने गरेको छ।

आजको मौसम यस्तो छ

काठमाडौं, ६ चैत/रासस

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव रहेको छ। जसका कारण देशभर आंशिकदेखि सामान्य बदली रही बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका केही स्थान तथा बाँकी भूभागका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित क्षणिक हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

रातिको समयमा पनि देशभर आंशिक बदली रही पहाडी भेगका केही स्थान तथा तराईका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित वर्षाको सम्भावना रहेको महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ।

काठमाडौं उपत्यकामा बिहानैदेखि सामान्य बदली रहेको छ। अपराह्नतिर हल्का वर्षाको सम्भावना छ। महाशाखाको पछिल्लो विवरणमा सबैभन्दा बढी धरानमा २७ मिलिमिटर वर्षा भएको छ। जनकपुरमा २०, सिमरामा १६, धनकुटामा ७, ताप्लेजुङमा ५, विराटनगरमा ६ र जिरीमा ७ मिलिमिटर वर्षा मापन गरिएको छ।

अनुदान यथावत् राख्ने सरकारको निर्णय

काठमाडौं, ६ चैत/रासस

सरकारले कृषि तथा पशुपक्षी विकास मन्त्रालयको विषयगत समितिले गरेको निर्णय रोक्दै रासायनिक मलमा दिँदै आएको अनुदान यथावत् राख्ने निर्णय गरेको छ।

आज बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती नगरी यथावत् राख्ने निर्णय गरेको हो।

बैठकले रासायनिक मलमा दिँदै आएको अनुदानबारे विस्तृत अध्ययनपछि आवश्यक निर्णय गरी आगामी दिनमा थप व्यवस्थित र वैज्ञानिक बनाउने निर्णयसमेत गरेको सरकारका प्रवक्ता एवं सञ्चार, तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन्।

यसअघि कृषि तथा पशुपक्षी विकास मन्त्रालयको मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गर्ने निर्णय गरेको थियो।

आजको मन्त्रिपरिषद् बैठकपछि रासायनिक मलको अनुदान र मूल्यसमेत यथावत् रहने भएको छ।

नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

NEPAL STOCK EXCHANGE LTD.
NEP

काठमाडौं, ६ चैत/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २२ दशमलव ६५ अङ्कले उकालो लागेर एक हजार ९४९ दशमलव शून्य छ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९७ अङ्कले उकालो लागेर ३६६ दशमलव २३ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ।

कुल ५२ लाख ५५ हजार ८६ कित्ता शेयर रु एक अर्ब २९ करोड ८५ लाख ८३ हजार ९८८ मूल्यमा खरीद–बिक्री भएका छन्। नेप्सेका अनुसार कारोबारका आधारमा आइएमई जनरल इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु सात करोड ६३ लाख ९२ हजार ४४२ बराबरको कारोबार भयो।

साथै एनआइसी एशियाको रु छ करोड १९ लाख ९५ हजार ९२२, सिटिजन बैंकको संस्थापक शेयर रु पाँच करोड ८५ लाख २७ हजार एक सय, शिवम् सिमेन्ट रु चार करोड १३ लाख ७७ हजार ५०२ र हिमालयन डिस्टिलरी रु तीन करोड ४२ लाख ६२ हजार ८२० बराबरको शेयर कारोबार भएको छ।

आजको कारोबारमा युनिक नेपाल लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ। न्यादी हाइड्रोपावर सात दशमलब ७३, नयाँ सारथि लघुवित्त छ दशमलव १८, मानुषी लघुवित्त पाँच दशमलव ६७ र विन्ध्यवासिनी हाइड्रोपावरको शेयर मूल्य चार दशमलव ७७ प्रतिशतले बढेको छ। साथै सपोर्ट माइक्रोफाइनान्स पाँच दशमलव ३६, स्वाभिमान लघुवित्त चार दशमलव ७२, सानिमा ग्रोथ स्किम चार दशमलव ४५, विन नेपाल लघुवित्त चार दशमलव शून्य आठ र लक्ष्मी इक्विटी फन्डको शेयर मूल्य तीन दशमलव ८५ प्रतिशतले घटेका छन्।

ऋणका लागि ऋणबाट ग्रसित छन् महिला

रेसुङ्गा, ६ चैत/रासस

गुल्मीको धुर्कोट गाउँपालिका–६ की विजुला परियार हाल चारवटा लघुवित्त संस्थामा आबद्ध छिन्। उनको हाल यी संस्थामा कुल १३ लाख ऋण छ। परियार पहिले एक लघुवित्तमा मात्र आबद्ध थिइन्।

तस्वीरः फाइल

सो लघुवित्त संस्थाबाट ऋण लिएपछि त्यही ऋण तिर्न एकपछि अर्को गर्दै लघुवित्तमा आबद्ध भइन्। यसरी एउटा संस्थाबाट ऋण लिएर अर्कोमा तिर्दा न पहिलेको चुक्ता हुन सक्यो, न पछिल्लोमा भार घट्यो। ऋण तिर्न लिएको ऋणमध्येको केही परियारले घरखर्चसमेत चलाइन्। अहिले परियार आफूले ऋण तिर्न ऋण लिएपछि ऋणको चङ्गुलमा परेको स्वीकार गर्छिन्। "उद्यमशीलतातर्फ लगानी गर्ने ध्यान भएन," उनले भन्छिन्, "हिलोले हिलो पखाल्दा कहिल्यै सफा भएन।" उनले ऋण लिएर ऋण तिर्दा ऋणबाट उम्कन नसकेको बताइन्।

परियार हाल धौलागिरि, माइक्रो, चौतारी र सूर्योदय गरी चारवटा लघुवित्त संस्थामा आबद्ध छन्। एकल महिला भएकाले शुरूमा खुशी भएर संस्थामा लागेकी उनले लिएको ऋण कुनै व्यवसायमा लगाइनन्। उनले ऋण लिएर घरखर्च, बिरामी र अर्को सहकारीको ऋण तिरिन्। एकबाट ऋण लिएर अर्कोमा तिर्दा ऋणको घेराबन्दीमा आफू परेको परियारको भनाइ छ।

जिल्लाकै छत्रकोट गाउँपालिका–२ की जमुना सोमरे पनि हाल सातवटा लघुवित्त संस्थामा आबद्ध छिन्। गत असारमा पाँचवटाको ऋण जेनतेन चुक्ता गरे पनि दुई लघुवित्तलाई तीन लाख रुपैयाँ तिर्न बाँकी छ। उनको समस्या पनि उही हो। "पहिले लिएको ऋण बिरामी परेपछि खर्च भयो," उनले भनिन्, "पछिल्ला संस्थाको ऋण अघिल्ला संस्थाको तिर्दातिर्दै बाँकी रह्यो।" कुनै व्यवसाय नभई ऋण तिर्न ऋण लिंदाको परिणाम आफूले भोगेको सोमरेको भनाइ छ।

गुल्मी दरबार गाउँपालिका–४ की रेमकला पेमीले पनि आठवटा लघुवित्तबाट ऋण लिएकी छन्। ऋण लिएर चार लघुवित्त संस्थामा तिरे पनि रु पाँच लाख ऋण बाँकी छ। पेमीसँग ऋण तिर्ने अब कुनै उपाय रहेन। कुनै उद्यमशीलतामा लगानी गर्ने नभई घरखर्चको जोहो गर्न ऋण लिएको पेमी सम्झन्छिन्। उनी अहिले निस्कनै नसकिने ऋणको तलाउमा डुबेकी छन्। "रातमा निद्रा, न दिउँसोमा भोक र तिर्खा छ," उनले भनिन्, "चाहेर पनि लघुवित्तबाट उम्कन सकिएन।" ऋण लिएपछि लगानीको बाटोमा नभई ऋण तिर्नेतर्फ केन्द्रित भएको उनको भनाइ छ।

धुर्कोट गाउँपालिका–६ का राजन भण्डारी दुवै खुट्टा राम्रोसँग टेक्न सक्दैनन्। दुई लठट्ठीको सहारामा यताउता गर्ने भण्डारी लघुवित्तको ऋणले हल न चल भएका छन्। उनले गाउँभर ऋण खोजेर लघुवित्तमा तिर्दा पनि बाँकी रु तीन लाख ऋण छ।

उतिबेला घरमैं सदस्य बनाउन लघुवित्त आएपछि उनी खुशीले गद्गद् भए। ऋण पाउने भएपछि झनै हर्षका आँसु खसे। तर ऋण तिर्न ऋण लिएको परिणाम राजनका आँखामा आँसु ओभाएका छैनन्। "लघुवित्तको ऋण तिर्न गाउँभर डुलें," उनी भन्छन्, "गाउँका कुनै व्यक्तिले पनि पत्याएनन्, न त लघुवित्त संस्था नै अब कर्जा दिन तयार छ। अब मेरो ऋण तिर्ने उपाय छैन।" ऋण लिएर ऋण तिरेपछि समस्या बल्झिंदै गएको उनको भनाइ छ।

गुल्मी दरबार गाउँपालिका–१ की गोटेली सिञ्जाली र वडा नं ४ की हुमकला घर्ती पनि सोही समस्याबाट पीडित छन्। उनीहरू पनि पाँचभन्दा बढी लघुवित्तमा आबद्ध छन्। ऋण नतिर्ने डरका कारण लघुवित्तले तमसुक बनाइदिएको छ। ऋण तिर्न ऋण लिएपछि ऋणको चङ्गुलमा परेको उनीहरू स्वीकार गर्छन्।

यो समस्याबाट जिल्लाका धेरै व्यक्ति गुज्रिएका छन्। गुल्मी जिल्लामा मात्र १० हजारभन्दा बढी महिला यो समस्याबाट ग्रसित रहेको बताइएको छ। गुल्मीमा २८ लघुवित्त संस्थाले झन्डै एक अर्ब रुपैयाँ लगानी गरेका छन्। यो लगानी उठ्नुको सट्टा ऋण नतिर्ने भन्दै आन्दोलन चर्किन थालेको छ। सामान्य समस्यालाई बहाना बनाएर ऋण मिनहाको माग गर्दै आन्दोलन गर्ने क्रम निरन्तर बढिरहँदा ती लघुवित्त संस्था पनि ठूलो आर्थिक सङ्कटमा फसेका छन्। अधिकांश ऋणी अहिले आफूहरूको ऋण मिनाहा हुनुपर्ने माग गर्न थालेका छन्।

लघुवित्तसम्बन्धी हालको समस्या आउनुमा त्रिपक्षीय त्रुटि छ। ऋणी, लघुवित्त र स्थानीय तहको गैरजिम्मेवारीपनले समस्या विकराल बनेको देखिन्छ। ऋणीहरू व्यावसायिक योजना नबनाइ ऋण लिने, ऋण लिएर ऋण तिर्ने र घरखर्च गर्नाले लघुवित्तको समस्या बढ्दै गएको हो।

लघुवित्तले ऋण लैजान अनिवार्य गर्ने, पारिवारिक सहमतिविना दिने र उद्यमशीलतामा लगानी नगरे पनि हुने गर्नाले समस्या भएको हो। स्थानीय सरकारले ग्रामीण भेगका महिलालाई आम्दानीमूलक कार्यक्रमका तालीम नदिने, लघुवित्तको जबरजस्तीपनलाई बेवास्ता गर्नाले समस्या थप बढेको जानकारहरू बताउँछन्।

यतिबेला देशभर लघुवित्तलाई गलत देखाउँदै ऋण नतिर्नका लागि देशव्यापी मोर्चासमेत बनेको छ। लघुवित्तविरुद्धको सङ्घर्ष समिति नेपालको अध्यक्ष बनेर गुल्मीका मनिराम ज्ञवाली ऋण मिनहाको माग गर्दै हिंडेका छन्। उनी ऋण नतिर्नका लागि निरन्तर आन्दोलनमा छन्। लघुवित्तले नेपाल राष्ट्र बैंकको निर्देशिका बाकसमा च्यापेको ज्ञवालीको आरोप छ।

"ऋण लिएपछि तिनुपर्छ भन्ने थियो," उनले भने, "लघुवित्तको अन्यायपूर्ण ऋण मिनहा हुनैपर्छ।" लघुवित्तले ग्रामीण महिलालाई आर्थिक र सामाजिक शोषण गरेको उनको आरोप छ। उनकै नेतृत्वमा केही दिनअगाडि गुल्मीको सदरमुकाम तम्घासमा जिल्लाभरका महिला जम्मा भएर आन्दोलनसमेत गरेका थिए।

गुल्मीको एक लघुवित्तका सञ्चालक अर्जुन आचार्यले ऋण लिएपछि ऋण तिर्नैपर्ने बताउँछन्। "समस्याको पहिचान

(बाँकी चौथो पातामा)

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत प्राप्त

तस्वीरः रासस

काठमाडौं, ६ चैत/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त भएको छ । प्रतिनिधिसभाको सोमवारको बैठकमा प्रधानमन्त्री दाहालले पेश गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा १७२ मत खसेको हो । मतदानमा २६२ सांसद उपस्थित थिए ।

सभामुख देवराज घिमिरेले मतविभाजनको परिणाम सार्वजनिक गर्दै उक्त प्रस्तावको पक्षमा १७२ मत खसेको र सो मत प्रतिनिधिसभाको तत्काल कायम सम्पूर्ण सदस्यको बहुमत पुगेकाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत प्राप्त भएको घोषणा गरे । प्रस्तावको विपक्षमा ८९ मत खसेको छ। विश्वासको मत दिन्नँ भन्नेमा एक मत परेको छ ।

प्रधानमन्त्री प्रचण्डलाई नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र आम जनता पार्टीका सांसद तथा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विश्वासको मत दिए।

नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदले विश्वासको मतको विपक्षमा मतदान गरेका थिए । नेपाल मजदूर किसान पार्टी भने तटस्थ बसेको थियो ।

गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री दाहालले पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए। त्यतिबेला उनलाई प्रतिनिधिसभाका २७० सांसदमध्ये २६८ सांसदले विश्वासको मत दिएका थिए । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका सन्दर्भमा अघिल्लो गठबन्धनबीच मतैक्यता हुन नसकेर एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्था आएको हो । प्रतिनिधिसभाको अर्को बैठक यही चैत १२ गते अपराह्न १ बजे बस्नेछ ।

विभिन्न कार्यक्रमका साथ 'ग्लोबल मनि विक' मनाइँदै

काठमाडौं, ६ चैत/रासस

नेपाल राष्ट्र बैंकले युवामा वित्तीय शिक्षाको महत्त्वका बारेमा जागरण ल्याउने उद्देश्यका साथ 'ग्लोबल मनि विक' विभिन्न कार्यक्रमका साथ मनाउन सबै सम्बद्ध संस्था वा निकायलाई आग्रह गरेको छ ।

वार्षिकरूपमा मनाइने साप्ताहिक अभियान सन् २०१२ देखि हरेक वर्षको मार्चमा मनाउन शुरू गरिएको हो । विश्वका धेरै मुलुकमा यो सप्ताह मनाउने गरिन्छ। युवालाई वित्तीय ज्ञान, सीप र मनोवृत्तिका साथै व्यावहारिकरूपमा सक्षम बनाउँदै विवेकशील वित्तीय निर्णय गर्न अभिप्रेरित गर्ने र आर्थिक समृद्धिमा सघाउ पुऱ्याउने उद्देश्यमा यो सप्ताह केन्द्रित रहँदै आएको केन्द्रीय बैंकले जनाएको छ ।

दशौं शृङ्खलाका रूपमा सन् २०२२ मा मनाइएको 'ग्लोबल मनि विक'मा प्रत्यक्षरूपमा १०९ र भर्चुअल माध्यमबाट १७० मुलुकका चार करोडभन्दा बढी युवाको सहभागिता थियो ।

तस्वीरः फाइल

आजदेखि मार्च २६ सम्म नेपाल राष्ट्र बैंकको संयोजनमा नेपालभर यो कार्यक्रम मनाउन लागिएको छ । साप्ताहिक कार्यक्रममार्फत युवामा वित्तीय शिक्षाको प्रवर्द्धन गर्दै वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय समावेशिता प्रवर्द्धनका माध्यमले स्वरोजगार सिर्जना, उत्पादन तथा आय वृद्धि र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस वर्ष नेपाल राष्ट्र बैंक, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक, वित्तीय तथा गैरबैंक वित्तीय संस्था, सहकारी विभाग तथा सहकारी संस्था, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेशनल बैंकिङ इन्स्टिच्युट, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष आदि निकाय तथा संस्थाले विभिन्न कार्यक्रम आयोजना गर्नेछन् ।

विद्यालय तथा क्याम्पसमा अध्ययनरत युवा विद्यार्थीलाई समेटी वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गर्ने, वित्तीय चेतना अभिवृद्धिसम्बन्धी रचनात्मक क्रियाकलाप गर्ने, वित्तीय चेतनामूलक प्रतिस्पर्धा तथा वित्तीय चेतनामूलक ऱ्याली आयोजना गर्नेछन् ।

ऋणका लागि ऋण ...

हुनुपर्छ," उनले भने, "कमजोरी होलान् तर नकारात्मकरूपले अगाडि बढेर भएन।" उनले ऋणी र लघुवित्तका खास समस्याबारे स्थानीय तहले चासो दिनु सकारात्मक रहेको बताए।

धुर्कोट गाउँपालिकाले लघुवित्त संस्था र ऋणीको खास समस्याबारे पहलकदमी काम गरेको छ । 'आत्महत्या होइन उद्यमशीलता–ताला चाबी होइन खेतबारी हरियाली' भन्ने अभियानका साथ ऋणी र लघुवित्त संस्थाबीच गाउँपालिकाले छलफल गरेको पालिका अध्यक्ष भुपाल पोखरेलले बताए । "समस्या लघुवित्त संस्था र ऋणी दुवैमा रहेछ," उनले भने, "कृषि र पशुपालनको उद्यमशीलतामा ऋणी केन्द्रित हुनुपर्छ।" उनले आफूहरूले पनि उद्यम गर्नेगरी तालीम प्रदान गर्नेलगायतका कार्यक्रम ल्याउने बताए।

लघुवित्त संस्थाले ब्याजदर घटाउने, पारिवारिक सहमतिमा ऋण दिने, ऋण तिर्न ऋण नदिने, व्यावसायिक योजना बनाउनेलाई मात्र ऋण दिनेलगायतका काम गर्नुपर्ने तथा ऋणीले पनि व्यवसायमा लगानी गर्ने, ऋण लिएर फजुल खर्च नगर्ने र समयमैं किस्ता र ब्याज तिर्नुपर्ने साथै ऋण लिएर ऋण तिर्ने परिपाटीको अन्त्य गर्ने सम्झौता भएको छ । यसमा स्थानीय तहले ऋणीलाई उद्यमशील बनाउन तालीम दिने, उत्पादित वस्तुको बजारीकरण गर्ने, सीपमूलक तालीम र औजार वितरण गर्नेगरी त्रिपक्षीय सहमति भएको हो ।

लघुवित्त संस्थाका प्रमुख तथा प्रतिनिधि र ऋणीले संयुक्त हस्ताक्षर गरेर धुर्कोट गाउँपालिकामार्फत नेपाल सरकारलाई समेत अनुरोध गरेका छन्। भेलामा उपस्थित ४० जनाले हस्ताक्षर गरेर लघुवित्त संस्थाका कानून संशोधन गर्ने, एक पालिकामा एक लघुवित्तले मात्र लगानी गर्ने, विपन्न परिवारलाई सस्तो दरमा ऋण दिने, लघुवित्तको अनुगमन स्थानीय तहलाई दिने, ग्रामीण क्षेत्रमा लगानीको ब्याजदर एक अङ्कमा झार्ने, प्राकृतिक प्रकोप र जटिल रोगबाट ग्रसित परिवारको ऋण मिनहा गर्नुपर्ने भन्दै ऋणी, लघुवित्त र गाउँपालिकाले संयुक्त अनुरोध गरेका छन् ।


मनाङमा विदेशी साइकलयात्री : अन्नपूर्ण पदमार्गमा पर्यटनको चहलपहल बढिरहेको बेला विदेशी साइकलयात्री मनाङमा । नासो गाउँपालिका-१ म्यार्दी भिरको सडकमा साइकलमा मनाङ जाँदै गरेको दृश्य । तस्वीरः रासस

गाँजासहित चालक पक्राउ

प्रस, वीरगंज, ६ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले वीरगंज महानगर-१६ इनर्वास्थित धर्मकाँटाअगाडि पार्किङ गरिएको भारतीय नम्बरको मिनीट्रकबाट १४९ किलो गाँजा बरामद गरेको छ ।

प्रहरी उपरीक्षक कोमल शाहको कमान्डमा खटेको टोलीले सूचनाको आधारमा पार्किङमा राखिएको भारतीय मिनीट्रक चेकजाँच गर्दा ट्रकको पछाडि भागको तल सामान राख्ने गोप्य स्थान बनाएर त्यसमा राखिएको गाँजा बरामद गरेको थियो । गाँजा बरामद भएपछि भारत मोतिहारी बस्ने २७ वर्षीय चालक ओमप्रकाश सिंहलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । हिजो चालक सिंहलाई पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी घटनाबारेमा थप अनुसन्धान भइरहेको जिप्रका, पर्साले जानकारी गराएको छ ।

फागुनमा ६१ हजारले लिए श्रम स्वीकृति

काठमाडौं, ६ चैत/रासस

सरकारले बाध्यकारी वैदेशिक रोजगार अन्त्य गरी स्वदेशमैं रोजगारको अवसर उपलब्ध गराउने जनाए पनि गत फागुन महीनामा वैदेशिक रोजगारमा जानका लागि ६१ हजार बढीले श्रम स्वीकृति लिएका छन् । फागुनमा नयाँ श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत गरी ६१ हजार ८४५ ले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख छ ।

फागुनमा सबैभन्दा बढी मलेशियाका लागि १९ हजार ८२४ ले श्रम स्वीकृति लिएका छन्। कतारका लागि ११ हजार ३०३, संयुक्त अरब इमिरेट्सका लागि नौ हजार ७९५, साउदी अरेबियाका लागि नौ हजार ५०३, कुवेतका लागि दुई हजार ४६२, दक्षिण कोरियाका लागि दुई हजार २२७ र रोमानियाका लागि एक हजार ७० जनाले श्रम स्वीकृति लिएका वैदेशिक रोजगार विभागले जनाएको छ ।

वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिनेमा अदक्ष कामदारको सङ्ख्या उल्लेख्य रहेको छ । फागुनमा १३ हजार ५८० अदक्ष कामदारले श्रम स्वीकृति लिएका छन्। ४२ हजार ७१८ दक्ष, पाँच हजार ४४९ अर्धदक्ष, ६८ व्यावसायिक र ३० उच्च दक्ष श्रमिकले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

फरक समाचार

पत्नीको सम्झनामा गिटार आकारको जङ्गल

ताजमहल संसारभर प्रेमको प्रतीकको रूपमा चिनिन्छ। करीब ४०० वर्षअघि आफ्नी पत्नी मुमताजको मृत्युपछि शाहजहाँले उनको सम्झनामा ताजमहल बनाएका थिए ।



शाहजहाँ मात्रै होइन, विश्वभर अरू पनि यस्ता व्यक्ति छन्, जसले आफ्नी पत्नीको सम्झनामा कुनै न कुनै भवन वा अन्य चमत्कार बनाएका छन्। तर आज हामी एक किसानको बारेमा जान्नेछौं, जसले आफ्नी पत्नीको सम्झनामा जङ्गल खडा गरेका छन् । यस जङ्गलको सबैभन्दा विशेष कुरा यो हो कि यो ठ्याक्कै गिटार जस्तै हुर्किएको छ । ड्रोन क्यामरा वा हवाईजहाजबाट माथिबाट हेर्दा यो जङ्गल गिटार जस्तो देखिन्छ, लाग्छ कि हरियो रङ्गको ठूलो गिटार जमीनमा र ाखिएको छ ।

गिटार आकारको यो जङ्गल दक्षिण अमेरिकी देश अर्जेन्टिनामा छ । जहाँ एकजना किसान पेड्रो मार्टिन उरेटा बस्छन्, जो अहिले ७० वर्षको भइसकेका छन् । पेड्रोले आफ्नी पत्नीलाई असाध्यै माया गर्थे । उनकी पत्नीको नाम ग्रेसिएला यारिजोस हो । यो सन् १९७७ को कुरा हो, जब ग्रेसिएला यारिजोस मात्र २५ वर्षकी थिइन् । प्रसव वेदनाकै क्रममा उनको मृत्यु भयो । पेड्रोले यति सानो उमेरमा आफ्नी पत्नी गुमाएपछि पूर्णतया विचलित भएका थिए। किनभने उनले आफ्नी पत्नीलाई धेरै माया गर्थे, उनले आफ्नी पत्नीको सम्झनामा केही सिर्जना गर्ने निर्णय गरे, जुन मानिसहरूले वर्षौंसम्म देख्न र आफ्नो प्रेमलाई सम्झन सकोस् ।

त्यसपछि पेड्रोले सोचे कि आफ्नी पत्नीको सम्झनामा जङ्गल हुर्काएर त्यसलाई गिटारको आकारमा बनाउने । त्यसपछि पेड्रोले यसमा काम गर्न थाले र केही वर्षभित्रै उनले आफ्नो खेतमा ठूलो जङ्गल हुर्काए। उनले सन् १९७९ मा यो जङ्गल हुर्काउन शुरू गरे। उनले लाबुले शहरनजीकैको आफ्नो खेतमा यो विशाल जङ्गल विकास गरेका थिए। जब यहाँबाट विमान उड्छ, पाइलट र यात्रुहरू यो जङ्गल हेरेर छक्क पर्छन् ।

माथिबाट हेर्दा यस्तो लाग्छ कि विशाल हरियो रङ्गको गिटार जमीनमा सुताएर राखिएको छ। पेड्रोले यो गिटार आकारको जङ्गललाई आफ्नी स्वर्गीय पत्नी ग्रेसिएला इरिजोसप्रति श्रद्धाञ्जलिको रूपमा बनाए। नासाले आफ्नो गूगल नक्शामा यो विशाल जङ्गलको तस्बिर पनि सार्वजनिक गरेको छ। यो जङ्गल यति ठूलो छ कि यसलाई अन्तरिक्षबाट पनि हेर्न सकिन्छ। रिपोर्टका अनुसार गिटार आकारको विशाल जङ्गल उत्पादक पेड्रोले यसलाई आकाशबाट कहिल्यै हेरेका छैनन्, यद्यपि उनका साथीहरूले उनलाई आकाशबाट लिइएका जङ्गलका केही तस्बिरहरू देखाएका छन् ।

ब्रेकअपपछि तनावमुक्त रहन यी पाँच टिप्स

कुनै पनि सामान्य व्यक्तिको जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा उसको सम्बन्ध हो र उसको लगभग सबै समय यी सम्बन्धहरूमा घुम्छ । यी सबै सम्बन्धहरूमा प्रेमको सम्बन्ध सबैभन्दा विशेष र सुन्दर सम्बन्ध हो, जसको कारण मानिसलाई खुशीको अनुभूति हुन्छ। ब्रेकअपपछि तनावमुक्त रहन यी पाँच सजिला टिप्स अपनाउन सकिन्छ।

आफ्नो विचार साझा गरौं

धेरैजसो मानिस ब्रेकअपपछि तनाव र अवसादको अवस्थामा पुग्छन्, किनकि उनीहरू एक्लो महसूस गर्छन् र कसैसँग आफ्नो भावना व्यक्त गर्न असमर्थ हुन्छन्। तर ब्रेकअपपछि तनावमुक्त रहन आफ्नो भावना साझा गर्नु धेरै महत्त्वपूर्ण हुन्छ।

योग वा व्यायाम गरौं

ब्रेकअपले मानिसलाई मानसिकरूपमा कमजोर बनाउनुका साथै थकित पनि बनाउँछ। यस्तो अवस्थामा योग र ध्यान मानसिक तनाव कम गर्न धेरै प्रभावकारी तरीका हो । ब्रेकअपपछि तनावमा बस्नुको सट्टा योग र व्यायाम गरेर आफूलाई शारीरिक र मानसिकरूपमा बलियो बनाउन सकिन्छ ।

आफूले आफैंलाई विषादबाट टाढा राखौं

ब्रेकअपपछि सबै प्रकारका पुराना सम्झनाहरूबाट आफूलाई टाढा राख्न आवश्यक छ, सबै पुराना राम्रा/नराम्रा सम्झनाहरूले हामीलाई सधैं तनावले घेर्छ। यसका लागि पुरानो सम्बन्धसँग सम्बन्धित सबै साना सङ्केतहरूलाई बिदा गरौं र अगाडि बढौं ।

साथीहरू र परिवारसँग समय बिताऔं

ब्रेकअपपछि तनाव कम गर्ने उत्तम उपाय भनेको परिवार र नजीकका साथीहरूसँग समय बिताउनु हो। ब्रेकअपपछि आफ्नो सोच सकारात्मक राखौं र आफ्नो विचार परिवारसँग साझा गरौं । यसो गर्दा आफूले आफैंलाई राम्रो महसूस गर्न सकिन्छ ।

विशेषज्ञ सेवाको मदत प्राप्त गरौं

ब्रेकअपपछि मानिसहरू प्रायः तनाव र अवसादका शिकार हुन्छन् । यस्तो अवस्थामा यदि प्रियजनहरू मदत गर्न असमर्थ छन् भने, विशेषज्ञ सेवाको मदत लिनुपर्छ । यसो गर्नाले सही मार्गदर्शन पाउन सकिन्छ र अनावश्यक तनावबाट टाढा रहन सकिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

अन्तर्राष्ट्रिय समाचार

जापानी प्रधानमन्त्री किशिदा दुई दिने भारत भ्रमणमा

नयाँ दिल्ली ६ चैत/एएनआई

जापानका प्रधानमन्त्री फुमियो किशिदा दुई दिने भारत भ्रमणका लागि सोमवार भारत आइपुगेका छन् ।

किशिदालाई केन्द्रीयमन्त्री राजीव चन्द्रशेखरले दिल्लीको विमानस्थलमा स्वागत गरेका छन् । भ्रमणका क्रममा किशिदाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्नुका साथै जापानको इन्डो–प्यासिफिक रणनीति र उसको नयाँ प्रतिरक्षा प्रणालीबारे पनि सम्बोधन गर्नेछन्। पन्ध्र वर्ष अघि प्रधानमन्त्री शिन्जो आबेले आफ्नो दिल्ली भ्रमणका क्रममा इन्डो–प्यासिफिक सहकार्यबारे पहिलोपटक बोलेका थिए ।

दुवै प्रधानमन्त्रीले दिल्लीस्थित बुद्ध जयन्ती पार्कमा सँगै पदयात्रा गरी गौतम बुद्धको पालाको गहिरो जरा भएको पूज्य वृक्ष बालबोधीको अवलोकन गर्ने बताइएको छ ।

भारत र जापानबीच सन् २००० मा 'विश्व साझेदारी', सन् २००६ मा 'रणनीतिक तथा विश्व साझेदारी' र सन् २०१४ मा 'विशेष रणनीतिक तथा विश्व साझेदारी' मा परिणत भएको थियो ।

तस्वीरः एएनआई

दुवै देशले सन् २००६ देखि नियमित रूपमा वार्षिक शिखर सम्मेलन गर्दै आएका छन् । पछिल्लो वार्षिक शिखर सम्मेलन मार्च २०२२ मा नयाँ दिल्लीमा भएको थियो । रासस

मियामी शहरमा हिंसाका घटना बढेपछि सङ्कटकाल र निषेधाज्ञा जारी

वाशिङ्टन, ६ चैत/सिन्ह्वा

अमेरिकाको फ्लोरिडा राज्यको एक शहरमा हिंसाका घटना बढेपछि कर्फ्यू आदेश जारी गरिएको छ। सो राज्यको एउटा तटीय शहर मियामीमा सो आदेश जारी गरिएको अधिकारीहरूले जनाएका छन् । सो शहरमा केही दिनयतादेखि गोली प्रहारका घटना बढेका छन् ।


तस्वीरः सिन्ह्वा

आइतवार यहाँ निषेधाज्ञा आदेश जारी गरिएको अधिकारीहरूले जानकारी दिएका छन् । ती अधिकारीका अनुसार सो आदेश अनुसार यहाँका नागरिक रातिको समयमा बाहिर निस्कन पाउने छैनन् । यो आदेश अर्को सोमवारसम्मका लागि जारी गरिएको सुरक्षा अधिकारीले जानकारी दिएका छन् ।

सो शहरमा शुक्रवार राति एकजनाको गोली हानी हत्या गरिएको थियो भने अर्का एकजना सर्वसाधारण घाइते भएका थिए । त्यसैगरी, आइतवार बिहान पनि यहाँ गोली हानेर अर्का एकजनाको हत्या गरिएको थियो । ती हत्यामा संलग्न भएकाहरूको खोजी जारी रहेको तर पक्राउ भने नपरेको बताइएको छ ।

दक्षिणी फ्लोरिडाको सो शहरमा हिंसाका घटना बढेपछि छोटो समयका लागि सङ्कटकाल लगाउनुपरेको शहरका मेयरले भिडियो सन्देशमार्फत जानकारी दिएका छन् । रासस

मध्य अफ्रिकी गणतन्त्रमा नौजना चिनियाँ नागरिकको हत्या

बाम्बारी, ६ चैत/एएफपी

मध्य अफ्रिकी गणतन्त्रमा सशस्त्र व्यक्तिहरूले आक्रमण गरी नौजना चिनियाँ कामदारको हत्या गरेका छन् ।

आक्रमणको निन्दा गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङले दोषीलाई कडा भन्दा कडा कारबाही गर्न माग गरेका छन् ।

मध्य शहरका मेयर एबेल म्याचिपाटाले बाम्बारीनजीकै बिहान ५ बजे सशस्त्र व्यक्तिहरूले विदेशी कामदारमाथि आक्रमण गरेको पुष्टि गरेका छन् ।

उनले एएफपीसँग कुरा गर्दै भने– “आक्रमणका कारण नौजनाको मृत्यु भएको र दुईजना घाइते भएका तथा मृतकहरू आफ्नो शहरबाट २५ किलोमिटर टाढा गोल्ड कोस्ट ग्रुपले सञ्चालन गरेको खानीमा काम गर्ने चिनियाँ कामदार थिए ।”

मध्य अफ्रिकी गणतन्त्रको बाम्बारीको उत्तरमा स्थित सुनको खानी। तस्वीरः एएफपी

चीनको विदेश मन्त्रालयले मृतकको सङ्ख्या पुष्टि गरेको छ । सीले मध्य अफ्रिकी गणतन्त्रका अधिकारीहरूलाई हत्यामा संलग्नहरूलाई 'कडा सजाय' दिन आग्रह गरेको पनि मन्त्रालयले जनाएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ– “राष्ट्रपति सीले घाइतेको उपचार गर्न, घटनाको समयमैं व्यवस्थापन गर्न, दोषीलाई कानूनबमोजिम कडा सजाय दिन र चिनियाँ नागरिकको सुरक्षा सुनिश्चित गर्न हरसम्भव प्रयास गर्न आदेश दिनुभएको छ।” स्थानीय अधिकारीहरूले आक्रमणको थप विवरण सार्वजनिक गरेका छैनन् र यसको जिम्मेवारी पनि लिएका छैनन् ।

एएफपीका एक पत्रकारका अनुसार चिनियाँ राजदूत ली किन्फेङ र मध्य अफ्रिकी गणतन्त्रका विदेशमन्त्री सिल्भी बाइपो टेमोनको पहलमा मृतकको शव राजधानी बान्गुईस्थित एक अस्पतालमा लगिएको छ । रासस

आजको राशिफल

मेष	प्रसन्नता	वृष	पदोन्नति
मिथुन	अलमल	कर्कट	कष्टानुभूति
सिंह	व्यापारवृद्धि	कन्या	अलमल
तुला	खिन्नता	वृश्चिक	वाहनकष्ट
धनु	मित्रमिलन	मकर	धनखति
कुम्भ	अन्नलाभ	मीन	व्यर्थभ्रमण

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं ।
वीरगंज महानगरपालिका कार्यालय

वर्तमान सरकारको आयु लामो छैन –नेता पौडेल

प्रस, वीरगंज, ६ चैत/

बाराको प्रसौनी गाउँपालिकामा एमालेनिकट जनसङ्गठनको भेला सम्पन्न भएको छ ।

मिसन ग्रासरूट अन्तर्गत प्रसौनी गापा–१ मा सोमवार भएको भेलाले मिसन ग्रासरूटलाई जनस्तरसम्म पुऱ्याउने निर्णय गर्दै वडा तहमा जनसङ्गठन विस्तार गर्ने निर्णय गरिएको बताइएको छ ।

आशिर अन्सारीको अध्यक्षतामा राष्ट्रिय युवा सङ्घ नेपाल, प्रमोददास तत्माको अध्यक्षतामा मुक्ति समाज र ललन पटेलको अध्यक्षतामा किसान सङ्घको वडा कमिटी गठन भएको बताइएको छ ।

भेलाको उद्घाटन एमाले मधेस प्रदेश कमिटी सदस्य मनोज पौडेलले गरेका थिए । उनले मिसन ग्रासरूट अभियानले एमालेलाई बलियो बनाउने बताउँदै यो अभियानलाई प्रभावकारी ढङ्गले अघि बढाउन आग्रह गरे ।

तस्वीरः प्रतीक
नेपाल कम्युनिष्ट पार्टी
जनसंगठन, बारा

एमाले वडा कमिटी अध्यक्ष अहमद मन्सुरीको अध्यक्षतामा सम्पन्न भेलामा परवानीपुर गापा अध्यक्ष विनोद जयसवाल, उपाध्यक्ष किरणदेवी साह, एमाले प्रदेश कमिटी सदस्य सुनील पाल, जिल्ला कमिटीका पूर्वसदस्य महेश विक, वडाध्यक्ष सरोज साह, एमाले क्षेत्रीय सदस्य नाजिर हुसेनलगायतको सहभागिता थियो ।

मिसन ग्रासरूट अभियान अन्तर्गत प्रसौनी गापामा एमालेले वडा तहमा पार्टी र जनसङ्गठनको भेला, बैठक गर्दै आएको छ ।

शिक्षक सङ्घ पर्साको अध्यक्षमा जैसवाल पुनः सर्वसहमत

प्रस, परवानीपुर, ६ चैत/

नेपाल शिक्षक सङ्घ, पर्साको अध्यक्षमा प्रदीपकुमार जैसवाल पुनः सर्वसहमत चयन भएका छन् । उनको अध्यक्षतामा २५ सदस्यीय नयाँ जिल्ला कार्यसमिति सर्वसहमत चयन भएको जनाइएको छ ।

सिद्धार्थ माविको सभाहलमा आयोजित घोषणासभामा पदाधिकारी घोषणा गरिएको निर्वाचन समिति संयोजक एवं बगही माविका प्रअ राजेश्वर पाण्डेले जानकारी दिए । त्यसैगरी, सङ्घको उपाध्यक्ष चेतमन चौधरी, सचिव अशोक साह, कोषाध्यक्ष सुरेन्द्र यादवसमेत पाँचजना सहसचिवलगायत २५ सदस्यीय कार्यसमिति चयन भएको उनले बताए ।

नेपाल शिक्षक सङ्घ, पर्सा सबैभन्दा बढी शिक्षक आबद्ध भएको शिक्षकहरूको सङ्गठन हो । यसअघि पनि अध्यक्षको जिम्मेवारी पूरा गरेर दोस्रो कार्यकालको लागि जैसवाल सङ्घको अध्यक्ष भएका हुन् । उनी वीरगंज–२४ रामगढवास्थित शिवजगेश्वरीदेवी गोखुल कुर्मी आधारभूत विद्यालयका प्रअ हुन् ।

घोषणासभामा नवौं जिल्ला अधिवेशन मूल तयारी समितिका संयोजक एवं नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, महेन्द्र यादवलगायत अन्य सङ्घमा आबद्ध शिक्षकहरूको सहभागिता थियो । अधिवेशनले सङ्घीय महाधिवेशनको लागि सातजना र प्रदेश प्रतिनिधिहरूमा आठजना प्रतिनिधिहरू चयन गरेको जनाएको छ ।

श्रीसिया आदर्शचोक आधारभूतमा अभिभावक भेला सम्पन्न

प्रस, परवानीपुर, ६ चैत/

वीरगंज–२५ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय श्रीसिया आदर्शचोक विद्यालयमा सोमवार अभिभावक भेला सम्पन्न भएको छ ।

तस्वीरः प्रतीक

महानगर मातहतको शैक्षिक प्रशासन महाशाखाका शिक्षा अधिकृत आनन्द लामिछानेको अध्यक्षतामा सम्पन्न भेलाले सात सदस्यीय विद्यालय व्यवस्थापन समिति र ११ सदस्यीय शिक्षक अभिभावक सङ्घ सर्वसहमत चयन गरेको छ ।

नवगठित विद्यालय व्यवस्थापन समितिको सदस्यमा छोटेलाल साह तुरहा, जीतेन्द्र साह कानू, रमावतीदेवी पासवान र सुदामा देवी गरी चारजना अभिभावकबाट छनोट भएका छन् भने पदेन तीन सदस्यमा वडा नं २५ का अध्यक्ष आशुतोष चर्तुवेदी, शिक्षक प्रतिनिधि मुकेशकुमार पाण्डे र विद्यालयकी प्रधानाध्यापिका अञ्जु साह सदस्यसचिव गरी सात सदस्यीय समिति चयन भएको जनाइएको छ ।

सात सदस्यीय समितिले बैठक बसी समाजसेवी, चन्दादाता, शिक्षाप्रेमीबाट एकजना महिला गरी दुईजना थप सदस्य मनोनीत गरी नौ सदस्यीय समितिको बैठकबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्ने प्रावधान छ। त्यसैगरी, शिक्षक अभिभावक सङ्घमा गोपाल सहनी, धर्म पासवान, भिखरराउत कुर्मी, लालपरी देवी, एतवारी देवी, मराछी देवी, रामरित साह कानूलगायत रहेका छन् ।

शिक्षक अभिभावक सङ्घमा विव्यसको अध्यक्ष पदेन सदस्य एवं प्रअ वा प्रअले तोकेका शिक्षक प्रतिनिधि सदस्यसचिव रहने व्यवस्था छ ।

विश्व मुख दिवसमा साइकल ऱ्याली

प्रस, वीरगंज, ६ चैत/

कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) भरतपुरले विश्व मुख स्वास्थ्य दिवसमा साइकल ऱ्याली गरेको छ ।

सोमवार दिवसको उपलक्ष्यमा जनचेतना जागृत गर्न साइकल ऱ्याली आयोजना गरिएको अस्पतालले जनाएको छ ।

अस्पताल प्राङ्गणबाट शुरू भएको साइकल ऱ्यालीमा सहभागीहरूले मुख स्वास्थ्यसम्बन्धी विभिन्न जनचेतनामूलक नारा लेखिएका प्लेकार्ड बोकेर दीपेन्द्रचोक, लायन्सचोक, पुलचोक, गैंडाकोटको मौलाकालिका फेदी हुँदै पुनः अस्पताल पुगेर समापन भएको थियो ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

नयाँ वर्षमा वीरगंजमा रात्रिबजार सञ्चालनको तयारी

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगरपालिकाले पहिलोपटक अभ्यासको क्रममा वीरगंजमा नयाँ वर्षको अवसरमा रात्रिबजार लगाउने तयारी गरेको छ।

नगरप्रमुख राजेशमान सिंहको पहलमा यही चैत ३० गते बेलुकादेखि वैशाख २ गते बिहानको तीन बजेसम्म अभ्यासको क्रममा आदर्शनगरमा रात्रिबजार लगाउने तयारी भइरहेको नगरप्रमुख सिंहका प्रेस सल्लाहकार महेश दासले बताए। उनले नगरप्रमुखले आर्थिक नगरी वीरगंजमा रात्रिबजारको अवधारणा राखेको र त्यसैको अभ्यासस्वरूप नयाँ वर्षलाई लक्षित गरेर रात्रिबजार सञ्चालन गर्न लागेको बताए।

परीक्षण अवधिको तीन दिन रात्रिबजार सञ्चालनका लागि नगरप्रमुख सिंहले हिजो सरोकारवालाहरूसँग महानगरमा छलफल गरेको र गृह मन्त्रालय तथा भारतीय दूतावाससँग सो अवधिमा नेपाल-भारत सीमा अबेर राति १२ बजेसम्म सञ्चालनका लागि अनुमति प्रदान गराउन आज काठमाडौं गएका छन्। भारतीय पर्यटकहरूसमेत नयाँ वर्षमा नेपाल आउने र अहिलेको अवस्थामा राति ११ देखि बिहान ५ बजेसम्म दुवैतर्फको नाका बन्द हुने गरेकाले उक्त अवधिमा समयसीमा बढाउनका लागि नगरप्रमुख सिंह आज काठमाडौं गएका हुन्।

परीक्षणको लागि आयोजना गर्न लागिएको तीन दिने रात्रिबजारमा आदर्शनगरका विभिन्न ठाउँमा विशेष खानाका परिकार, लत्ताकपडा, कस्मेटिक, भाँडाकुँडालगायतका सरसामानका बिक्री कक्ष र वीरगंजमै पहिलोपटक तन्दुरी चियाको शुभारम्भ गरिने नगरप्रमुख सिंहले बताए। ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, एनवाइइएफ, वीरगंज साइक्लिङ क्लब, वूमन क्रिएसन, फोरजिआरलगायतका संस्थाको सहकार्यमा रात्रिबजार तयारीको काम अघि बढाइएको नगरप्रमुख सिंहले बताए।

आदर्शनगरचोकदेखि कैलाश होटल र पुरानो बसपार्कसम्म करीब सयवटा स्टलको तयारी भइरहेको र बुकिङ पनि शुरू गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानले बताए।

ईरिक्शाबाट लागूऔषध वनरेक्स बरामद

तस्वीर सौजन्य: जिप्रका, पर्सा

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगरपालिका-१६ शङ्कराचार्य द्वारस्थित सडकखण्डमा प्रहरीले ईरिक्शाबाट वनरेक्स नामक लागूऔषध बरामद गरेपछि चालकसमेतलाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय, पर्साले वीमनपा १ ह १-०११८ नम्बरको ईरिक्शा चेकजाँच गर्दा वनरेक्स सिरप पाँच कार्टून (१७८ बोतल) बरामद भएको बताएको छ। ईरिक्शाको सिटमुनि लुकाएको अवस्थामा लागूऔषध वनरेक्स बरामद भएको थियो।

वनरेक्स सिरप बरामद भएपछि चालक वीरगंज महानगर-१५ बस्ने २० वर्षीय बलजीत यादवलाई पक्राउ गरिएको र हिजो अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ।

सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
अनधिकृत रूपमा सूचना प्रवाहा नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

भन्सार छलीका सामान भन्सार चलान

प्रस, वीरगंज, ६ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले हिजो राति साढे नौ बजे भन्सार छलीका सामान बरामद गरी सोमवार वीरगंज भन्सार चलान गरेको छ।

इनर्वा, नगवा र छपकैयाबाट भन्सार छली भित्र्याइएका करीब पौने छ लाखका लत्ताकपडा, खाद्यान्न सामग्री आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।

पर्साको थरुहट ....

चैते धानबाली प्रतिकट्ठा करीब पाँच मन अर्थात् दुई क्वीन्टलसम्म हुने गरेको किसानहरूले बताएका छन्। चैतको पहिलो सातादेखि रोपाइँ शुरू भएको चैते धानबाली किसानहरूले असार महीनामा भित्र्याउने गरेका छन्।

चैत धानबाली भित्र्याएसँगै किसानहरूले असारे धानबाली रोपाइँको तयारीमा लाग्ने गर्छन्। थरुहट क्षेत्रमा तीन बाली खेती हुन्छ। दुई बाली धान र तेस्रो बालीको रूपमा यहाँका किसानहरूले गहुँ, मकै, सुर्ती, दलहन, तेलहन र केहीले हरियो तरकारीको खेती गर्छन्।

९० दिनमा चैते धान तयार हुने र यो धानबाली असारे धानबालीभन्दा सजिलो हुनाका साथै चामल मीठो हुने भएकोले पनि थरुहट क्षेत्रका किसानहरू चैते धानबालीतर्फ आकर्षित हुने गरेका छन्।

खेलकूदको संसार

प्रधानमन्त्री थ्री नेशन्स कप फूटबल यसै सातादेखि

काठमाडौं, ६ चैत/रासस

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)को आयोजनामा प्रधानमन्त्री थ्री नेशन्स कप फूटबल प्रतियोगिता यसै सातादेखि राजधानीमा शुरू हुने भएको छ।

तस्वीरः रासस

FIFA | AFC
Prime Minister
3 NATIONS CUP
22-31 March, 2023
Dasharath Rangashala
NEPAL | BHU LAOS

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा यही चैत ८ देखि १७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न तीन राष्ट्रको सहभागिता रहने एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा आयोजक नेपालसहित भुटान र लाओसको सहभागिता रहनेछ।

प्रतियोगिताको लागि भुटान र लाओसका खेलाडी नेपाल आइसकेका छन्। प्रतियोगिता सिङ्गल राउन्ड रोबिनका आधारमा हुनेछ।

प्रतियोगितामा प्रथम हुने टोलीले पाँच हजार अमेरिकी डलर प्राप्त गर्नेछन् भने दोस्रो हुने टोलीले तीन हजार अमेरिकी डलर पाउनेछन्।

त्यसैगरी, हरेक खेलमा 'म्यान अफ दी म्याच' घोषित हुने खेलाडीलाई २५० अमेरिकी डलर प्रदान गरिने एन्फाले जनाएको छ। प्रतियोगितामा उत्कृष्ट घोषित हुने खेलाडीलाई पाँच सय अमेरिकी डलर प्रदान गरिनेछ।

प्रतियोगिताको खेल हेर्नका लागि एन्फाले साधारण प्याराफिटतर्फ रु पाँच सय र भिआइपीतर्फ रु एक हजार मूल्य तोकिएको छ। दर्शकले खल्ती एप वा दशरथ रङ्गशालामा रहेको खल्तीका स्टलबाट टिकट खरीद गर्न सक्नेछन्। प्रतियोगिताका लागि रु एक करोड ७५ लाख ६६ हजार ४८० खर्च लाग्ने आयोजकले जनाएको छ।

नेपाल भारतसँग पराजित

काठमाडौं, ६ चैत/रासस

साफ यू-१७ महिला च्याम्पियनशिप फूटबल प्रतियोगिताको पहिलो खेलमा नेपाल भारतसँग पराजित भएको छ।

बङ्गलादेशको ढाकास्थित वीर श्रेष्ठ शहीद सिपाही मुस्तफा कमल स्टेडियममा आज भएको खेलमा भारतले नेपाललाई ४-१ गोलअन्तरले पराजित गरेको हो।

भारतको जीतमा शिल्जी शाजीले ह्याट्रिक पूरा गरिन् भने पूजाले एक गोल गरिन्। नेपालका लागि वर्षा ओलीले एक गोल फर्काइन्।

खेलको १०औं मिनेटमा भारतकी शिल्जी शाजीले गोल गर्दै सुरुआती अग्रता दिलाइन्। त्यस्तै, खेलको ४०औं मिनेटमा शाजीले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई २-० को अग्रता दिलाइन्। खेलको पहिलो हाफको ४१औं मिनेटमा पूजाले एक गोल थपिन्।

त्यसपछि खेलको ५४औं मिनेटमा नेपालकी खेलाडी वर्षा ओलीले गोल गर्दै खेललाई ३-१ को स्थितिमा ल्याइन्।

त्यस्तै, खेलको ८०औं मिनेटमा शाजीले ह्याट्रिक पूरा गर्दै भारतलाई ४-१ को जीत दिलाइन्। जीतसँगै भारतले पहिलो खेलमा तीन अङ्क जोडेको छ।

प्रतियोगितामा आयोजक बङ्गलादेश, नेपाल, भारत, भुटान र रसियाको सहभागिता रहेको छ। नेपालले आफ्नो दोस्रो खेल बुधवार भुटानसँग खेल्नेछ।

पर्सागढीका किसानलाई अनुदानमा अर्गानिक मल

नरेश यादव, पर्सागढी, ६ चैत/

पर्सागढी नगरपालिका कार्यालयले सोमवार पाँच सय किसानलाई ६० प्रतिशत अनुदानमा अर्गानिक मल वितरण गरेको छ।

तस्वीरः प्रतीक

पर्सागढी नपा कृषि शाखाका प्राविधिक शिवपूजन चौधरीले नगरपालिकाले अर्गानिक मलका लागि किसानहरूसँग सोधनी गरेको र पाँच सय किसानले सो मलका लागि इच्छा जाहेर गरेपछि नगरपालिकाले खरीद गरेर वितरण गरेको बताए। उनले नगरपालिकाले प्रतिकिलो रु ३० मा खरीद गरेर किसानलाई ६० प्रतिशत अनुदान दिई २५ किलो तौलको बोरा रु ३०० मा उपलब्ध गराएको बताए।

गहुँ, धान, मकै, हरियो तरकारी, सुर्ती, उखु खेती गरेका किसानहरूले रासायनिक मल नपाएको अवस्थामा पर्सागढीमा अर्गानिक मलको प्रयोग गर्ने गरेका छन्। नगरपालिकाले किसानको माग अनुसार अर्गानिक मल खरीद गरेर अनुदानमा दिन्छ भने केही किसानहरूले गाउँघरबाट अथवा अन्य गाउँबाट पनि गोबर मगाएर रासायनिक मलको विकल्पमा प्रयोग गर्छन्।

पशुको गोबर प्रतिटचाक्टर रु अढाई हजार पर्ने गरेको छ। रासायनिक मल यहाँका किसानहरूको पहिलो रोजाइमा पर्छ। सो मल उपलब्ध नभएपछि भारतबाट पनि किसानहरूले मल ल्याउँछन् र दुवैतिर अभाव र महँगो भएपछि उनीहरू अर्गानिक मल विकल्पको रूपमा प्रयोग गर्छन्।

स्थानीय किसान जयकिशोर चौरसियाले बाली रोप्ने, हुर्काउने क्रममा रासायनिक मल सहज उपलब्ध नभएको अवस्थामा अर्गानिक मलको प्रयोग गर्ने गरेको बताए। उनले अर्गानिक मलको प्रयोगबाट रासायनिक मल सरहको उत्पादन नहुने हुँदा किसानहरूको पहिलो रोजाइ रासायनिक मल हुने गरेको बताए।

महिला हिंसाविरुद्ध प्रदर्शन

प्रस, वीरगंज, ६ चैत/

कानून सङ्कायमा अध्ययनरत विद्यार्थीहरूले सञ्चालन गरेको युथ लिगल सोसाइटीले महिला हिंसाविरुद्ध काठमाडौंको वसन्तपुरमा प्रदर्शन गरेको छ।

STOP WOMENS VIOLENCE

देशका विभिन्न स्थानमा भइरहेको सबैखाले महिला हिंसाविरुद्ध सचेत गराउने कार्यक्रमको मूल उद्देश्य रहेको युथ लिगल सोसाइटीका शुभम् तिवारीले बताए। उनले महिला हिंसाविरुद्ध वर्षमा एक दिन कार्यक्रम गरेर नपुग्ने भन्दै युथ लिगल सोसाइटीले साङ्केतिकरूपमा प्रदर्शन गरेको बताए।

महिला र पुरुषबीचको समानता जगाउने अभियानमा सोसाइटीले काम गर्दै आएको र यस प्रकारका कार्यहरू आफैंबाट सुरुआत गर्नुपर्ने मान्यता राखेको पनि बताए।